# अजिरकोट गाउँपालिकाद्वारा

## चालु आर्थिक वर्ष २०८१/०८२ को पहिलो चौमासिक

# सार्वजनिक सुनुवाई

## संक्षिप्त प्रतिवेदन




## आयोजक

**अजिरकोट गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय, भच्चेक, गोरखा**

**प्रतिवेदक तयार पार्ने : लीलाधर कोइराला**

**समन्वय संस्था : गोरखा सन्देश मिडिया प्रा. लि.**

**प्रतिवेदन प्रेश गरिएको मिति २०८१/१०/१६**

## १. कार्यक्रमको परिचय

सार्वजनिक निकायले दिने सेवाको बारेमा नागरिकबाट मूल्याङ्कन गराउने तथा सेवा प्रवाहमा थप सुधार ल्याउनको लागि सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन गरिन्छ । नागरिकलाई सार्वजनिक निकायले गरेका गतिविधिहरूको बारेमा सूचना माग्ने, पाउने र अवलोकन गर्ने अधिकार सूचनाको हक सम्बन्धी ऐन-२०६४ र नियमावली-२०६५ ले गरेको छ। सुशासन (सञ्चालन तथा व्यवस्थापक) सम्बन्धी ऐन-२०६४ तथा नियमावली-२०६५ ले पनि हरेक सार्वजनिक निकायले आफूले सञ्चालन गरेका हरेक गतिविधिहरूको बारेमा नागरिकहरूलाई सू-सूचित गराउन सार्वजनिक सुनुवाई गर्नुपर्ने बाध्यकारी व्यवस्था छ।

स्थानीय सरकार सञ्चालन ऐन-२०७४ मा पनि सार्वजनिक सुनुवाई तथा सार्वजनिक परीक्षण गर्ने व्यवस्था रहेको छ, भने नेपाल सरकारले स्थानीय निकाय सार्वजनिक सुनुवाई सम्बन्धी कार्यविधि-२०६७ तयार गरी कार्यान्वयन गरिरहेको छ । आफूले प्रवाह गरेको सेवा तथा विकास निर्माणको कार्यहरू सार्वजनिक गर्दै सुधारात्मक पक्षहरूको विषयमा छलफल गर्ने, सेवाग्राही प्रति सेवा प्रदायकलाई जबाफदेही बनाउने र सेवाग्राहीहरूको गुनासो तथा जिज्ञासाहरूको बारेमा हाकाहाकी प्रश्नोत्तर गराउने उद्देश्यले सार्वजनिक सुनुवाई सञ्चालन गरिएको थियो । अजिरकोट गाउँपालिका वडा नं २, खरिबोट गोरखामा २०८१ माघ १२ गते शनिवारका दिन सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन गरिएको थियो ।

## २. सार्वजनिक सुनुवाईको औचित्य

गाउँपालिकाले सञ्चालन गरेका विकास निर्माण कार्यहरू तथा अजिरकोट गाउँपालिका भित्रका जनतालाई गाउँपालिका र मातहतका कार्यालयले प्रदान गर्दै आएको सेवा सुविधाहरूको विषयमा सेवाग्राही तथा आम नागरिकको प्रतिक्रिया र गुनासोहरूका साथै आगामी दिनहरूमा सुधार गर्नुपर्ने विषयहरूका बारेमा थाहा पाउन लागि सार्वजनिक सुनुवाई कार्यक्रमबाट सहयोग प्राप्त हुन्छ । सार्वजनिक सुनुवाईले कानुनी शासन सामाजिक उत्तरदायित्व तथा सार्वजनिक जबाफदेहिताको जिम्मेवारी पूरा निभाउने मात्र नभएर नागरिकहरूको सूचनाको हकलाई समेत सम्बोधन गर्न मद्दत पुग्ने भएकाले हरेक सार्वजनिक निकायहरूबाट अनिवार्य रूपमा सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन गर्नु अपरिहार्य रहेको हुँदा अजिरकोट गाउँपालिकाले चालु आर्थिक वर्षको प्रथम चौमासिक अवधिको सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन गरिएको हो ।

## ३ सार्वजनिक सुनुवाई कार्यक्रमको उद्देश्य

अजिरकोट गाउँपालिकाले आर्थिक वर्ष २०८१/०८२ को प्रथम चौमासिक अवधिमा गरेको सेवा प्रवाह तथा विकास निर्माणको कार्यहरूको बारेमा आम नागरिकको धारणा बुझ्न तथा नागरिक र सेवाग्राहीको सुझाव, गुनासो एवम् प्रतिक्रियाहरू थाहा पाउन तथा गाउँपालिकाले प्रथम चौमासिक अवधिमा गरेका कार्य प्रगतीसहितको कार्यक्रमको बारेमा नागरिकसम्म

gorkha sandesh
media pvt. ltd.

जानकारी पन्याउनु नै यस सार्वजनिक सुनुवाई कार्यक्रमको मुख्य उद्देश्य हो। त्यस बाहेकका कार्यक्रमका विशिष्ट उद्देश्यहरू निम्नानुसार रहेका थिए ।

- अजिरकोट गाउँपालिका तथा वडा कार्यालयहरूको काम कारबाही, सेवा प्रवाह, योजना एवं कार्यक्रम, बजेट जस्ता सार्वजनिक विषयमा सम्बन्धित सेवा प्रदायक र सेवाग्राहीबिच अन्तरक्रिया गराउने,
- सेवाग्राही प्रति सेवा प्रदायकलाई जबाफदेही बनाउने र सेवाग्राहीहरूको गुनासो वा जिज्ञासाहरूको बारेमा हाकाहाकी प्रश्नोत्तर गराउने,
- सुशासन ऐन तथा नियमावलीमा व्यवस्था भए बमोजिम सूचनाको हकको प्रत्याभूति गराउने,
- स्थानीय तहका जननिर्वाचित प्रतिनिधि तथा विषयगत शाखा प्रमुखहरूलाई नागरिकहरू प्रति जबाफदेही बनाउने,
- सार्वजनिक सेवा तथा विकास निर्माणका कार्यहरूमा नागरिकहरूको सहभागिता वृद्धि गर्ने,
- सरकारी निकायहरूप्रति नागरिकको विश्वास र विश्वास्यता बढाउने, जसले अधिक सक्रिय जनसहभागिता ल्याउँछ,

## ४. महत्व

जनताको जान्न पाउने सूचनाको हकलाई सुनिश्चित गर्दै त्यसमाथि अझै धेरै पहुँच बढाई नागरिकलाई सशक्तीकरण गर्नुका साथै स्थानीय तहलाई जनताप्रति उत्तरदायी र जनमुखी बनाउँदै लैजाने, भ्रष्टाचार न्यूनीकरण गर्न, विकास निर्माणका कार्यमा जनसहभागिता बढाउँदै मानव स्रोत तथा सामाजिक भावनाको विकास गर्नका लागि सार्वजनिक सुनुवाईको महत्व बढी रहेको छ। त्यसबाहेक सार्वजनिक सुनुवाई कार्यक्रमका थप महत्व तल उल्लेखित रहेका छन् ।

- ➢ गाउँपालिका मातहत र पालिका भित्रका पर्ने विकास निर्माण तथा सेवा प्रवाह गुणस्तरीय बनाई सेवाप्रति नागरिकमा विश्वास अभिवृद्धि गर्न,
- ➢ गाउँपालिका मातहतको कार्यालयहरूबाट प्रवाह हुने सेवाहरूका बारे सरोकारवाला तथा आम नागरिकलाई सचेतना अभिवृद्धि गर्न,
- ➢ गाउँपालिकाले गरेका विकास निर्माणका साथै अन्य विभिन्न क्रियाकलापहरूका सवालमा सरोकारवाला नागरिकप्रति जबाफदेहिता अभिवृद्धि गर्न,
- ➢ गाउँपालिकाबाट प्रदान गरिने सेवा प्रवाहमा सेवाग्राहीको सहभागितामा वृद्धि गर्न,
- ➢ गाउँपालिका कार्यालयको हरेक प्रकारका योजना तथा कार्यक्रमलाई पारदर्शी बनाउन,

gorkha sandesh
media pvt. ltd.

➢ सेवाग्राहीलाई आफूले प्राप्त गर्ने हक अधिकारका बारेमा जानकारी गराउने जबाफदेही निकाय र पदाधिकारीलाई सजक तथा जिम्मेवार बनाउन ।
➢ सेवा प्रदायक निकाय र सेवाग्राही बीचको खाडल कम गर्न ।

## ५. कार्यक्रमबाट भएका उपलब्धिहरू

➢ नागरिक र गाउँपालिकाबीचको सम्बन्ध अझ राम्रो हुनेछ,
➢ गाउँपालिकाको सेवा प्रवाह गर्दा देखिएका राम्रा र नराम्रा दुवै पक्षको कार्य मूल्यांकन हुनेछ ।

## ६.सार्वजनिक सुनुवाई कार्यक्रमको विवरण

कार्यक्रमको नाम : सार्वजनिक सुनुवाई आ.व (२०८१/०८२) प्रथम चौमासिक
**विषयः गाउँपालिकाले प्रदान गरेका सेवा प्रवाह र विकास निर्माण योजना**
सम्बन्धित कार्यालय अजिरकोट गाउँपालिका
मिति : २०८१ माघ १२ गते शनिवार
स्थानः अजिरकोट गाउँपालिका वडा नम्बर २ को कार्यालय
सहजकर्ताः लीलाधर कोइराला
समन्वय संस्थाः गोरखा सन्देश मिडिया प्रा.ली
सहजकर्ता आबद्ध संस्थाः पालिका लाइभ डटकम
कार्यक्रम सञ्चालन गरिएको अवधि ३ घण्टा ३५ मिनेट
कार्यक्रममा सहभागी संख्या ५१ जना
नागरिक प्रतिवेदन सवेक्षणको सहभागी संख्या ५१ जना
बहिर्गमन अभिमत सर्वेक्षण सहभागी संख्याः ५५ जना

## ७. सञ्चालन प्रक्रिया : प्रारम्भिक चरण

## समन्वयात्मक बैठक

अरिकोट गाउँपालिकाद्धारा चालु आर्थिक वर्ष २०८१/०८२ को प्रथम चौमासिक अवधिसम्म सञ्चालित कार्यक्रमहरू तथा सार्वजनिक सेवा प्रवाहको प्रभावकारिताको लागि गाउँपालिकाले गरेको निर्णय अनुसार अजिरकोट गाउँकार्यपालिकासंग गोरखा सन्देश मिडिया प्रा.लिका अध्यक्ष एवं सहजकर्ता श्री लीलाधर कोइरालाले भेटघाट गरी समन्वयात्मक छलफल पश्चात् सार्वजनिक सुनुवाइ गर्ने सहमति भएको थियो । २०८१ माघ १२ गते अरिकोट गाउँपालिका वडा नं २, खरिबोट गोरखामा सार्वजनिक सुनुवाइ सञ्चालन गर्ने मिति तय भए पश्चात् सार्वजनिक सुनवाई सञ्चालनको लागि आवश्यक तयारी गरिएको थियो ।

gorkha sandesh media pvt. ltd.

## सहजकर्ताको छनौट तथा समन्वय

अजिरकोट गाउँपालिकाको कार्यालयले आयोजना गरेको गाउँपालिका स्तरीय सार्वजनिक सुनुवाइलाई गाउँपालिकाको कार्यालयले व्यवस्थापन तथा समन्वयका कार्यहरू गरेको थियो । अजिरकोट गाउँपालिकाले सहजीकरणको सम्पूर्ण जिम्मेवार गोरखा सन्देश मिडिया प्रा.लिका अध्यक्ष लीलालधर कोइरालाई दिइएको थियो । गाउँपालिकाले वडाध्यक्ष तथा अन्य सरोकारवालाहरू एवं संचारमाध्यमहरुसँग नियमित सम्पर्क तथा समन्वय गरिएको थियो ।

ऐन, नियम, निर्देशिका तथा कार्यविधिको अध्ययन स्थानीय तहले जनतालाई प्रवाह गर्ने बस्तु तथा सेवा सुविधाहरू के के र कस्ता खालका छन्? ती कसरी उपलब्ध गराउने गरिएको छ? सेवा प्रवाह गर्न लागि कस्ता कस्ता खालका ऐन, नियम तथा कार्यविधिहरू लागू भएका छन् । यिनीहरूको आधारमा रहेर के कस्ता वस्तु तथा सेवा सुविधा प्रवाह गर्नु पर्ने अवस्था छ भन्ने कुराको गहन अध्ययन, स्थानीय सरकारी कार्यालयले कस्तो सेवा सुविधा तथा वस्तु जनतालाई उपलब्ध गराएका छन् सो को तुलना गरी छलफल गर्नका लागि स्थानीय स्वायत्त शासन ऐन २०५५, स्थानीय स्वायत्त शासन नियमावली, २०५६, सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ सुशासन नियमावली, २०६५ स्थानीय निकाय सार्वजनिक सुनुवाइ सम्बन्धी कार्यविधि, २०६७, सूचनाको हक सम्बन्धी ऐन २०६४ र नियमावली २०६५ तथा स्थानीय सरकार सञ्चालन ऐन- २०७४ जस्ता विभिन्न ऐन नियम, निर्देशिका र कार्यविधिहरूको विस्तृत अध्ययन आयोजक तथा समन्वय गर्ने संस्थाका प्रतिनिधि र सहजकर्ताद्वारा गरिएको थियो ।

## बहिर्गमन अभिमत सञ्चालन

सार्वजनिक सुनुवाई सञ्चालनको क्रममा नागरिकहरूबाट अभिमत लिन बहिर्गमन अभिमत वा नागरिक प्रतिवेदन पत्र अनिवार्य सञ्चालन गर्नुपर्ने व्यवस्था रहेको छ । तर, अजिरकोट गाउँपालिकाले बहिर्गमन अभिमत, नागरिक प्रतिवेदन पत्र वा कुनै नागरिकको मत लिने कार्यहरू सञ्चालन गरेको थिएन ।

## सार्वजनिक सुनुवाइको प्रचार प्रसार

सार्वजनिक सेवा प्रवाहको प्रभावकारिता विषयक सार्वजनिक सुनुवाईमा नागरिकहरूको सहभागिता अभिबुद्धिको लागि सूचनाको ठुलो महत्वपूर्ण भूमिका हुन्छ । अरिकोट गाउँपालिकाले माघ ६ गते नै विभिन्न माध्यमबाट सार्वजनिक सुनुवाई सञ्चालन हुने मिति, स्थान र समय खुल्ने गरी सूचना प्रसारण गरिएको थियो । गाउँपालिकाको कार्यालय परिसर तथा कार्यक्रम हुने स्थल, बजार क्षेत्रमा सार्वजनिक सुनुवाईको सूचना टाँस गरिएको थियो ।

## कार्यान्वयन चरण

गाउँकार्यपालिकाको कार्यालय भच्चेक, गोरखाको आयोजनामा सञ्चालन गरिएको सार्वजनिक सुनुवाईमा सहभागीहरूको उपस्थिति सँगै सुरु गरिएको थियो । सार्वजनिक सुनुवाई कार्यक्रममा जबाफदेही वक्ताहरू र अतिथिहरूको परिचय गराउँदै आशन ग्रहण गराइएको थियो । त्यस्तै निमन्त्रणा स्वीकार गरेर उपस्थित कार्यपालिका सदस्यहरू, वडा समितिका सदस्यहरू, विषयगत शाखाका प्रमुखहरू, वडा सचिवहरू, विकास साझेदार संस्थाका प्रमुख/प्रतिनिधिहरू, पत्रकारलगायत सञ्चार संस्थाका प्रतिनिधिहरू, बुद्धिजीवी,

gorkha sandesh
media pvt. ltd.

समाजसेवी, राजनैतिक दलका प्रतिनिधिहरू लगायतका कार्यक्रममा उपस्थित सबैलाई यथा स्थानमा आसन ग्रहण गराइएको थियो ।

अजिरकोट गाउँपालिका उपाध्यक्ष अनिता भुजेलले सार्वजनिक सुनुवाइ सञ्चालन गर्नुको उद्देश्य तथा न्यायिक समितिबाट प्रवाह भएको कार्यबारे जानकारी गराउनु भएको थियो । त्यसपछि नागरिकहरूले जिज्ञासा तथा गुनासाहरू राखी प्रश्नोत्तर गराइएको थियो । त्यसैसरि गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री रचना बुढाथोकिले चालु आर्थिक वर्ष २०८१/८२ को पहिलो चौमासिक अवधिसम्म गाउँपालिकामा भएको आय, ब्यय तथा समग्र वित्तीय प्रगतिको अवस्थाको बारेमा जानकारी गराउनु भएको थियो । सार्वनिक सुनुवाईमा उपस्थित नागरिकहरूलाई आफूले भोगेका, अनुभव गरेका तथा गाउँपालिकालाई अझै सक्षम र सम्बद्ध बनाउनका लागि प्रश्न, जिज्ञासा तथा गुनासाहरू राख्न भनिएको थियो । आएका प्रश्नहरूको अरिकोट गाउँपालिकाका अध्यक्ष दीपक देवकोटा, प्रमुख प्रशासकीय अधिकृतसहित सरोकारवाल र नागरिकहरूबीच हाक्काहक्की प्रश्नोत्तर गराइएको थियो ।

**८. नागरिक प्रतिवेदन र बहिर्गमन अभिमत संश्लेषण सहित सम्पादन :** पत्रकार लीलाधर कोइराला

**९ . कार्यक्रम सञ्चालन फर्म्याट**

- कार्यक्रमको औपचारिक उद्घाटन : गाउँपालिका अध्यक्ष श्री दीपक देवकोटा ज्यूबाट
- राष्ट्रिय गानको प्रस्तृति
- ज्ञातअज्ञात शहिदहरुको सम्झनामा १ मिनेट मौनधारण
- स्वागत मतव्य तथा कार्यक्रमको उद्देश्यमाथि : गाउँपालिकाकी उपाध्यक्ष श्री अनिता भूजेल ज्यूबाट
- कार्यक्रमको आचार संहिता : सहजकर्ता
- गाउँपालिकाको सार्वजनिक सेवा प्रवाह सम्बन्धि जानकारी : प्रमुख प्रशासकीय अधिकृत श्री रचना बुढाथोकीबाट
- गाउँपालिकाको तेस्रो चौमासिकमा भएका विकास निमार्णका बारेमा संक्षिप्त जानकारी : गाउँपालिकाका अध्यक्ष श्री दीपक देवकोटा ज्यूबाट
- नागरिक प्रतिवेदन प्रस्तृतः पत्रकार विमल श्रेष्ठ
- बेहिर्गमन अभिमत प्रस्तृत : पत्रकार विमल श्रेष्ठ
- सहभागिहरुबाट लिखित तथा मौखिक प्रश्न, जिज्ञासा र सुद्धाव संकलन
- सहभागिबाट उठेका प्रश्न, जिज्ञासाहरुको सम्बिन्धत जवाफदेहि बक्ताहरुबाट
- थप जिज्ञासाका लागि आह्वान
- सम्बन्धित जवाफदेहि बक्ताहरुबाट थप जिज्ञासाहरुको जवाफ तथा स्पष्टउक्ती
- धन्यवादसहित कार्यक्रम समापन : गाउँपालिका अध्यक्ष तथा कार्यक्रका अध्यक्ष श्री दीपक देवकोटा ज्यू,

gorkha sandesh
media pvt. ltd.

## १०) कार्यक्रममा भएका सवाल जवाफहरू

सार्वजनिक सुनुवाईमा मुख्य रूपमा आएका प्रश्नहरू र तिनका उत्तरहरू निम्नानुसार रहेका छन् ।

| क्र.स | प्रश्नकर्ताको नाम र ठेगना | प्रश्नहरु | जवाफदेहि वक्ता | जवाफ |
|---|---|---|---|---|
| १. | कालिका धिताल (क्षेत्री) वडा न २ खरिबोट | **अनुदान** वितरण गर्दा सबै किसानलाई समानुपातिक रूपमा कसरी सुनिश्चित गर्न सकिन्छ? **कृषकहरू**को उत्पादनलाई उचित मूल्य दिलाउन गाउँपालिकाले के पहल गरेको छ? **सिँचाइ**को अभावले खेतीमा समस्या भइरहेको छ, यसको दीर्घकालीन समाधान के छ? **कृषि** अनुदान तथा सहुलियत कार्यक्रमको लाभ पारदर्शी रूपमा वितरण गर्न के कदम चालिएको छ? **कृषकह**रूको राय संकलन गरेर नीति निर्माण गर्न नियमित छलफलको व्यवस्था किन गरिँदैन? | श्री दीपक देवकोटा, गाउँपालिका अध्यक्ष | तपाईंको सुझावले हामीलाई अनुदान वितरणमा सुधार ल्याउने उत्तम मार्गदर्शन दिएको छ। अनुदान वितरणको प्रक्रिया समानुपातिक र पारदर्शी हुनु अत्यन्त महत्त्वपूर्ण छ, र यसमा जनप्रतिनिधिहरूसँग सघन समन्वय आवश्यक छ। सबैलाई समान अवसर र न्याय सुनिश्चित गर्नका लागि, हामीले अनुदान वितरणलाई निष्पक्ष र प्रभावकारी बनाउँछौं । यसका लागि, यस महिना भित्र वडासदस्य र सम्पूर्ण पालिका नेतृत्वसँग खरिबोट वडा कार्यालयमा बस्नेछौं । यस बैठकमा हामीले अनुदान वितरण प्रक्रियाको सुधार र समानुपातिक वितरणको योजनाबद्ध कार्य प्रणाली तयार गर्नेछौं। त्यस बैठकमा सबै जनप्रतिनिधिहरूका विचार र सुझावलाई समेटेर, कृषि, पशुपालन, शिक्षालगायतका क्षेत्रका लागि उपलब्ध अनुदानलाई समान रूपमा वितरण गर्नका लागि आवश्यक कदम चालिनेछ। हाम्रो मुख्य उद्देश्य भनेको गाउँको समग्र विकास हो र यसमा सबैको सहभागिता अत्यन्त आवश्यक छ। हामी सबै मिलेर यस प्रक्रियालाई बढी प्रभावकारी र सबैका लागि न्यायसंगत बनाउन प्रतिबद्ध छौं । |
| २. | मोहन प्रसाद धिताल वडा न २ खरिबोट | **खरिबोट**मा स्थानीयको उपस्थिति किन न्यून रह्यो? यसको कारण के हो? **अनुदान** वितरणमा पारदर्शिता किन छैन? के राजनीतिक पहुँचकै आधारमा मात्र वितरण गरिएको हो? **विकास** निर्माणमा सबै वडालाई समानुपातिक रूपमा समेट्ने भनिएको थियो, तर, साविकको वडा नं. ८ र ९ मा दुई वर्षदेखि बजेट किन परेको छैन? | श्री दीपक देवकोटा, गाउँपालिका अध्यक्ष | अजिरकोट गाउँपालिका वडा नं २ खरिबोटको यो कार्यक्रममा स्थानीयको उपस्थिति कम हुनु गम्भीर विषय हो। यसको कारणहरूको अन्वेषण गर्न हामीले सबै तर्फबाट प्रयास गर्दैछौं। यसका लागि, नागरिकहरूको विश्वास र सहभागिता बढाउन, साथै सरकारी योजनाहरूको प्रभावकारिता सुनिश्चित गर्न काम गर्दैछौं। स्थानीयको कम उपस्थिति कुनै एक पक्षको मात्र दोष होइन, हामी सबैको प्रयासमा सुधार ल्याउनु पर्ने आवश्यकता छ। अनुदान वितरणमा राजनीतिक रंगको कुरा आउनु निकै संवेदनशील विषय हो। हामी यो विश्वास गर्छौं कि अनुदान कुनै पनि राजनीतिक पक्षको हकमा होइन, बरु सम्पूर्ण समुदायको समृद्धिका लागि हुनुपर्छ। अनुदान |

gorkha sandesh media pvt. ltd.

| | | | | |
|---|---|---|---|---|
| | | **वडाध्यक्षले एक** हप्तामा खबर गर्ने भन्नुभएको थियो, तर अहिलेसम्म जानकारी नआएको कारण के होला?<br><br>**सबै** मिलेर वडा र पालिकाको विकास गर्ने भनेर आश्वासन दिनुभयो, त्यसको व्यावहारिक कार्यान्वयन कसरी हुँदैछ? | | वितरणमा पारदर्शिता र समानता सुनिश्चित गर्न हामी कडा निगरानी र अनुगमन गर्नेछौं।<br>यस विषयमा, म वडाध्यक्षहरूको जिम्मेवारी र कार्यक्षमता सुधार्न निरन्तर प्रयास गर्दै छु। उहाँहरूको कमजोरीहरूलाई सुधार गर्दै, विकास प्रक्रिया र सम्पूर्ण गाउँपालिकाको कार्यक्षमता सुधार्न सबै वडाध्यक्षहरूलाई हामीले आग्रह गरिरहेका छौं । साबिक वडा नं ८ र ९ मा दुई वर्षदेखि बजेट नपरेको भन्ने कुरा आएको छ, यसलाई ध्यानमा राख्दै, विकास कार्यहरूमा समान वितरण र पारदर्शिता ल्याउने दिशा तर्फ अगाडि बढ्दै छौं। आगामी दिनमा सबै वडामा समान ध्यान दिन र विकास योजनाहरूको सही कार्यान्वयन गर्ने हाम्रो उद्देश्य हुनेछ । |
| ३. | टेक बहादुर धिताल, वडा न २, खरिबोट | **गाउँपालिका**को कृषि शाखा र पशु शाखाका कर्मचारीहरू नियमित रूपमा अनुगमन किन नभएको हो?<br>**अनुगमन** अभावका कारण किसानहरूलाई सेवा प्रभावकारी रूपमा पुगेको छैन, यो सुनिश्चित गर्न के पहल भइरहेको छ | शक्भु थापा कृषि शाखा प्रमुख | हामीले कृषिको क्षेत्रमा सुधार र प्रगति ल्याउन विभिन्न योजनाहरू अघि बढाइरहेका छौं। यस पटक, बजार अनुगमन गर्नका लागि बजेटको व्यवस्था गरिएको छ। हामी पाँच वटै वडास्तरीय रूपमा अनुगमन केन्द्र स्थापना गर्ने तयारीमा छौं, जसले कृषकहरूको उत्पादन र बजार व्यवस्थापनमा सुधार ल्याउनेछ। अहिलेको अवस्थामा, बजारमा अनियमितता र मूल्य असमानताले कृषकहरूको हितमा चुनौती थपेको छ। त्यसैले, कृषि एम्बुलेन्स सञ्चालनको तयारी गरिएको छ, जसले कृषकहरूलाई समयमै सेवा र आपत्कालीन अवस्थाका लागि आवश्यक सामग्री उपलब्ध गराउनेछ।<br>त्यसै गरी, कृषि प्राविधिकको उपस्थितिमा कमी रहेको जस्तो भन्नु भएको छ। यसलाई ध्यानमा राख्दै, हामी एक हप्ताभित्र पछिल्ला वर्षका कार्यक्रमहरूको समीक्षा गर्दै आगामी वर्षका लागि प्रभावकारी कार्यक्रमहरूको सूचि तयार गर्दै छौं। यस प्रक्रियामा, कृषकहरूको समस्यालाई समाधान गर्दै, उनीहरूको उत्पादन र आम्दानीमा सुधार ल्याउनका लागि स्थानीयसँग समन्वय गर्दै काम गरिनेछ। |
| ४. | देवराज धिताल वडा न २ खरिबोट | **सार्वजनिक** सुनुवाइमा स्थानीयको उपस्थिति किन कम रह्यो? यसको कारण पहिचान गर्न के गरिएको छ?<br>**अनुदान** धेरै उपलब्ध हुँदै आएको छ, तर यसको | श्री दीपक देवकोटा, गाउँपालिका अध्यक्ष | गाउँपालिकाले विकास र योजनाहरू प्रभावकारी बनाउन जनताको सक्रिय सहभागिता आवश्यक देख्छ। पछिल्लो समय सार्वजनिक सुनुवाइमा स्थानीयको उपस्थिति कम हुनु गम्भीर विषय हो। यसको मुख्य कारण जनताको विश्वास र सहभागिता अभाव हुन सक्छ। यसलाई सुधार गर्न, सुनुवाइपछि |

gorkha sandesh media pvt. ltd.

| | | | | |
|---|---|---|---|---|
| | | प्रभावकारिता जाँच्न किन नियमित अनुगमन भएन? **राज्यको** लगानी भइरहेको छ भने पारदर्शिता कसरी सुनिश्चित गर्ने?<br>**७८ घरधुरी** बसाइँसराइ भइसकेको तथ्य सार्वजनिक भएको छ, अब बाँकी बासिन्दाका लागि विकासको प्राथमिकता के हुने?<br>**साना-टुक्रे** आयोजनाभन्दा दीर्घकालीन प्रभाव पार्ने वृहत कार्यक्रम सञ्चालन गर्न पालिकाको के छ योजना?<br>**अलैंची खेती** नष्ट भएको छ, यसको पुनरुत्थान र दीर्घकालीन विकासका लागि के पहल भइरहेको छ?<br>**यहाँ दुग्ध** उद्योग (डेरी) स्थापना गर्न के सम्भावना छ? पालिकाले यसमा के पहल गरिरहेको छ ? | शक्भु थापा कृषि शाखा प्रमुख | निर्णयहरू कार्यान्वयन भएको जानकारी प्रवाह गर्ने, नागरिकहरूलाई प्रत्यक्ष जिम्मेवारी दिने, र उनीहरूको सुझावलाई नीति निर्माणमा समेट्ने योजना छ।<br>अनुदान कार्यक्रमहरूको प्रभावकारिता सुनिश्चित गर्न अनुगमन प्रणालीलाई सशक्त बनाउने हाम्रो प्रतिबद्धता छ।<br>टुक्रे आयोजना तथा वृहत् कार्यक्रम सञ्चालन गर्न हामी विशेष ध्यान दिइरहेका छौं। दीर्घकालीन रूपमा प्रभाव पार्ने योजनाहरू प्राथमिकतामा राख्दै, बजेट व्यवस्थापनमा सुधार ल्याइनेछ।<br><br>अलौंची खेती संरक्षणका लागि, कृषि शाखाले टिस्यु कल्चर प्रविधि अपनाउने तयारी गरिरहेको छ। अलौंचीलाई पकेट क्षेत्रका रूपमा विकास गर्दै, आधुनिक कृषि प्रविधि, अनुदान, र बजार व्यवस्थापनलाई प्रभावकारी बनाउने हाम्रो योजना छ। दूध डेरी स्थापना गर्न चाहने किसान तथा उद्यमीलाई प्रोत्साहन गर्दै, आवश्यक सहयोग तथा प्राविधिक सहायताका लागि गाउँपालिकाले सहजीकरण गर्नेछ। स्थानीयस्तरमै उत्पादनको मूल्य अभिवृद्धि गर्न यस्तो उद्योगको स्थापना महत्त्वपूर्ण छ। हामी यी सबै विषयलाई दीर्घकालीन समाधानका रूपमा हेर्दै, नीति निर्माण र कार्यान्वयनमा स्थानीयको प्रत्यक्ष सहभागिता बढाउने लक्ष्य राखेर अगाडि बढिरहेका छौं। |
| ५. | रामनाथ सापकोटा वडा न २ खरिबोट | **गाउँ** छोडेर शहर तर्फ आकर्षित हुँदै गइरहेको जनसंख्याको समस्या दीर्घकालीन समाधानका लागि पालिकाले के रणनीति बनाएको छ?<br><br>**विकास** कार्यक्रम र योजनाहरूमा स्थानीय युवालाई समावेश गरेर उनीहरूको बसोबास यहाँ बनाउनको लागि के कदम चालिएका छन्? | श्री दीपक देवकोटा, गाउँपालिका अध्यक्ष | स्थानीयवासीहरूको स्थानान्तरण मुख्य कारण भनेको रोजगारको अभाव, शिक्षा र स्वास्थ्य सेवामा कमी, र अन्य आधारभूत सुविधाहरूको अभाव हो। यस कारणले गर्दा गाउँका युवा र परिवारहरू शहरतर्फ आकर्षित हुँदैछ। यस समस्यालाई समाधान गर्न गाउँपालिका विभिन्न पहलहरू गर्दैछ, जसमा कृषिमा आधुनिकीकरण, पर्यटन विकास, र साना उद्योगहरूको प्रवर्द्धन प्रमुख छन्। गाउँमा युवाहरूको बसोबास कायम राख्नका लागि पालिकाले स्थानीय युवालाई समावेश गरेर रोजगारका अवसर सिर्जना गर्ने योजनाहरू बनाएको छ। उदाहरणका लागि, युवा उद्यमिता प्रोत्साहन गर्न तालिम र अनुदान योजनाहरू सुरु गरिएको छ। यसले युवालाई साना उद्योग र |

gorkha sandesh media pvt. ltd.

| | | | | |
|---|---|---|---|---|
| | | **बसाईसराई** रोक्नका लागि राज्यले अन्य क्षेत्रीय विकास योजनाहरू (जस्तैः कृषि, पर्यटन, साना उद्योग) सँग सहकार्य गरेको छ कि छैन?<br><br>**गाउँका** खाली घर र आवासलाई पुनः प्रयोग गर्ने योजना बनाइएका छन् कि छैन? यदि छन् भने, यसलाई कसरी प्रभावकारी बनाउन सकिन्छ? | | व्यवसायको क्षेत्रमा अवसर प्रदान गर्दै, तिनीहरूको स्थायित्व बढाउनेछ।<br>**पालिकाले** उद्योग र व्यवसायको विकासमा ध्यान दिइरहेका छन् र यसका लागि विभिन्न क्षेत्रीय विकास योजनाहरू, जस्तै कृषि, पर्यटन र साना उद्योगसँग सहकार्य गर्दैछ। यसका माध्यमबाट रोजगार सिर्जना गर्ने र जनसङ्ख्या स्थानान्तरण रोक्ने प्रयास गरिरहेको छ। युवासँग प्रत्यक्ष संवाद गरेर, पालिकाले तिनीहरूको आवश्यकताअनुसार रोजगार र अवसर सिर्जना गर्ने कार्यक्रमहरू अघि बढाइरहेको छ। यसका लागि विशेष तालिम र विकासका अवसरहरू सिर्जना गरिएका छन् जसले स्थानीय युवालाई सशक्त बनाउँछ। |
| ६. | प्रतलाल तामाङ वडा न २ खरिबोट | **खेतीमा** वन्यजन्तुहरूले लगातार विनाश र नोक्सान गरिरहेका छन्। यस समस्याबाट कृषकलाई बचाउन र वन्यजन्तुको नियन्त्रण गर्न गाउँपालिकाले के कस्तो कदम चालेको छ?<br><br>**स्थानीय** विकास र व्यवस्थापनका लागि सहकारीलाई अझ सशक्त र प्रभावकारी बनाउन कस्ता सुधारात्मक योजनाहरू अपनाइएका छन्?<br><br>**शिक्षकहरूको** तालिमको प्रभावकारिता बढाउन र नियमित कक्षामा उपस्थिति कम भएको समस्या समाधान गर्न पालिकाले कस्ता नयाँ उपायहरू अपनाउने योजना बनाएको छ? | | **अजिरकोट** गाउँपालिकाले जनताको समस्या सुन्ने मात्र होइन, समाधान गर्ने नीति अवलम्बन गरिरहेको छ। सार्वजनिक सुनुवाइ तथा अन्य छलफल कार्यक्रमहरू नागरिकहरूको आवाज उठाउने महत्वपूर्ण माध्यम हुन्। तर, यदि नागरिकहरूलाई 'केही हुँदैन' भन्ने अनुभूति भइरहेको छ भने, यसको प्रभावकारिता बढाउन हामी प्रतिबद्ध छौँ। यसका लागि, सार्वजनिक सुनुवाइपछि गरिएका निर्णयहरू कार्यान्वयन गर्ने अनुगमन प्रणालीलाई थप प्रभावकारी बनाउँछौं।<br>खेतीयोग्य जमिनमा वन्यजन्तुको प्रवेशले किसानहरूलाई ठुलो नोक्सान पुऱ्याइरहेको छ। यसको दीर्घकालीन समाधानका लागि, वन्यजन्तु प्रतिरोधी तारबार लगाउने, सामुदायिक गस्ती प्रवर्द्धन गर्ने, र क्षतिपूर्ति व्यवस्थापनका लागि प्रदेश तथा संघीय सरकारसँग समन्वय गर्ने हाम्रो योजना छ। कृषिमा आत्मनिर्भरता बढाउन, सहकारी प्रणालीलाई सुदृढ गर्न जरुरी छ। स्थानीय उत्पादनलाई सहकारीमार्फत बजारीकरण गरी उचित मूल्य दिलाउने योजनामा हामी अघि बढिरहेका छौँ।<br>शिक्षा क्षेत्रमा सुधार ल्याउन शिक्षकहरूको तालिम आवश्यक छ, तर तालिमकै कारण कक्षाकोठामा विद्यार्थीको उपस्थिति कम हुनु समस्याको रूपमा उठेको छ। यसलाई व्यवस्थापन गर्न तालिम बिदाको अवधिमा सञ्चालन गर्ने, अनलाइन प्रविधिको प्रयोग गर्ने, र विद्यालय व्यवस्थापन समितिमार्फत अनुगमन |

gorkha sandesh
media pvt. ltd.

| | | | | |
|---|---|---|---|---|
| | | | | बलियो बनाइनेछ। गाउँपालिकाले यी सबै विषयलाई समेटेर दीर्घकालीन रणनीति निर्माण गरिरहेको छ। जनताको सहभागिता र सरकारको सहकार्यमा हामी अजिरकोटलाई आर्थिक, सामाजिक, र शैक्षिक रूपमा समृद्ध बनाउने लक्ष्यसहित काम गरिरहेका छौँ। |
| ७. | भीमलाल तामाङ वडा न २ खरिबोट | **गाउँपालिकाद्वारा** गरिएको दलितको स्वास्थ्य विमा कार्यक्रम एक वर्षको लागि मात्रै हो कि स्थायी रूपमा जारी राख्ने योजना छ?<br><br>**५०/५०** प्रतिशतमा अनुदान वितरण गर्ने विचार गर्दा, स्थानीय तहबाट यसलाई पूर्ण रूपमा उपलब्ध गराउने योजना बनाइएको छ?<br><br>**स्थानीय**ले उपलब्ध गराएको उत्पादन विक्रि नभए सहकारीका माध्यमबाट बजारसम्म पुऱ्याउन पाए राम्रो हुन्थ्यो ?<br><br>**अजिरकोट** गाउँपालिका कृषि र पशुमा उत्कृण छ, यसमा अलि बढि ध्यान दिनु पऱ्यो ?<br>**स्थानीय** भिर पाखामा डडेलो लगाउँदा जिम्मा कसले लिने हो ? तीनीहरुलाई कारवाहि कसले गर्ने हो ?<br><br>**खरिबोटमा** सबैभन्दा बाटोको समस्या छ, त्यो अध्यक्ष ज्यूले पहिल्यै पनि भनिसक्नु भएको थियो, म वडा कार्यालयसम्म त भन्दिन्- ओलाङसम्म पीच गर्न पायो भने सबैभन्दा राम्रो हुन्थ्यो? | श्री दीपक देवकोटा, गाउँपालिका अध्यक्ष | अजिरकोट गाउँपालिकाले समावेशी विकास र दिगो योजनालाई प्राथमिकता दिँदै आएको छ। हाम्रो लक्ष्य भनेको शिक्षा, स्वास्थ्य, कृषि, पूर्वाधार, र प्राकृतिक स्रोत व्यवस्थापनलाई सन्तुलित रूपमा विकास गर्नु हो। सबैभन्दा पहिले, दलित समुदायका लागि स्वास्थ्य विमा कार्यक्रम हामीले एक वर्षका लागि मात्र सुरु गरेका हौं, तर यसलाई दीर्घकालीन रूपमा निरन्तरता दिन पहल भइरहेको छ। हाम्रो प्रयास भनेको सबै नागरिकलाई स्वास्थ्य सुरक्षाको दायरामा ल्याउनु हो। ५०/५० प्रतिशत अनुदान मार्फत कृषक तथा उद्यमशीलतालाई प्रवर्द्धन गर्ने कुरा अत्यन्त सकारात्मक छ। गाउँपालिकाले यसको सम्भाव्यता अध्ययन गरी आवश्यक नीतिगत व्यवस्था मिलाउने छ।<br>हाम्रो गाउँमा स्थानीय उत्पादनलाई बजारसम्म पुऱ्याउने विषयमा हामी सचेत छौं। सहकारी तथा अन्य माध्यमबाट कृषिजन्य वस्तुहरूलाई व्यवस्थित रूपमा बजारीकरण गर्न पहल गर्नेछौं। अजिरकोट कृषि र पशुपालनमा निकै समृद्ध छ, त्यसैले यस क्षेत्रलाई अझ व्यवस्थित बनाउन थप लगानी आवश्यक छ। आधुनिक प्रविधि, अनुदान, र बजार पहुँच विस्तार गरी कृषकहरूको आम्दानी वृद्धि गर्ने हाम्रो लक्ष्य छ। डढेलोको विषयमा स्थानीय तह, सामुदायिक वन उपभोक्ता समूह, र सुरक्षा निकायबीच समन्वय गरेर रोकथाम र कारबाहीको प्रभावकारी योजना बनाइनेछ। खरिबोट क्षेत्रको सडक पूर्वाधार हाम्रो प्राथमिकतामा छ। ओलाङसम्मको सडक पीच गर्न आवश्यक बजेट विनियोजनका लागि हामी पहल गरिरहेका छौं। गाउँपालिकाले यी सबै विषयलाई समेटेर दीर्घकालीन रणनीति निर्माण गर्दैछ, जसले हाम्रो गाउँलाई समृद्ध बनाउन मद्दत गर्नेछ। |

gorkha sandesh
media pvt. ltd.

| | | | |
|---|---|---|---|
| ८ | शिक्षकहरुलाई मासिक तलव कहिले खुवाउने ? | सिताराम पन्त प्रमुख शिक्षा शाखा | गाउँपालिकाले शिक्षकहरूको सेवा सुविधा व्यवस्थापनलाई प्राथमिकतामा राख्दै आएको छ। शिक्षकहरूका लागि नियमित रूपमा पारिश्रमिक उपलब्ध गराउनु अत्यावश्यक छ, जसले उनीहरूको मनोबल उच्च राख्न मद्दत गर्छ।<br><br>शिक्षा शाखाले अघिल्लो आर्थिक वर्षदेखि नै मासिक रूपमा तलब दिने योजना बनाएको भए पनि, विद्यालयहरूबाट आवश्यक कागजात समयमा उपलब्ध नगराइएकाले सो व्यवस्था तत्काल कार्यान्वयन गर्न कठिन भएको हो। हालसम्म चौमासिक प्रणालीलाई त्रैमासिक बनाइएको छ, जसले शिक्षकहरूलाई केही सहजता दिलाएको छ।<br><br>यदि विद्यालयहरू तयारी अवस्थामा छन् र आवश्यक कागजात समयमा उपलब्ध गराउन सक्छन् भने, गाउँपालिका मासिक रूपमा तलब उपलब्ध गराउन पूर्ण रूपमा तयार छ। यसका लागि विद्यालय व्यवस्थापन समितिहरू, शिक्षकहरू, र शिक्षा शाखाबीच समन्वय आवश्यक छ।<br><br>हाम्रो प्रयास भनेको शिक्षालाई गुणस्तरीय बनाउने मात्र होइन, शिक्षकहरूको हक र सुविधालाई समयमै सुनिश्चित गर्नु पनि हो। त्यसैले, सबै विद्यालयहरूले आवश्यक कागजात शिक्षा शाखामा समयमा नै बुझाउने व्यवस्था मिलाएमा गाउँपालिकाले मासिक रूपमा तलब उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गर्दछ। |

## ११. जवाफदेहि वक्ताहरुको जवाफ तथा प्रतिक्रिया र प्रतिवद्धता

**गाउँपालिका अध्यक्ष श्री दीपक देवकोटा :** अजिरकोट गाउँपालिकाका अध्यक्ष दीपक देवकोटाले सार्वजनिक सुनवाई कार्यक्रमको माध्यमबाट गाउँका जनतासँग प्रत्यक्ष समन्वय र सक्रिय सहभागिता बढाउने महत्त्वपूर्ण भएको बताउनु भएको छ। उहाँले सार्वजनिक सुनवाईलाई नागरिकको अदालतको रूपमा व्याख्या गर्दै जनताको समस्याहरू र सरकारी कामकाजीका बारेमा खुलस्त र खुल्ला रूपमा छलफल गर्ने अवसर प्रदान गर्ने कुरामा जोड दिनुभयो। सार्वजनिक सुनवाईको माध्यमबाट अध्यक्ष देवकोटाले जनताको आवाजलाई सरकारसम्म पुऱ्याउन र समस्याहरूको समाधानका लागि प्रभावकारी कदम चाल्ने योजनाबद्ध दृष्टिकोण राख्नुभयो। उहाँले जनताका समस्याहरूको समाधान गर्नका लागि सार्वजनिक सुनुवाई

gorkha sandesh
media pvt. ltd.

महत्वपूर्ण भएको भन्दैं सार्वजनिक सुनुवाईका माध्यमबाट नागरिकहरू आफ्नो प्रश्न र समस्याहरूलाई खुल्ला रूपमा उठाउन सक्छन् र सरकारका प्रतिनिधिहरू, कर्मचारीहरूले गरेका कमीकमजोरीहरूलाई पनि सार्वजनिक रूपमा उजागर गर्न सक्ने आफ्नो बुझाई रहेको उल्लेख गर्नुभयो। उहाँले सरकार र जनताबीचको समन्वयलाई बलियो बनाउन सार्वजनिक सुनवाईको महत्वपूर्ण भूमिका रहेको र यसबाट ग्रामीण क्षेत्रमा नागरिकहरूको अधिकार र आवाजलाई सम्बोधन गर्न आवश्यक रहेको औंल्याउनु भयो।

अध्यक्ष देवकोटाले सडक निर्माणमा भएका समस्याहरूसँगै त्यसको स्थानीय स्तरमा विकासमा पार्ने प्रभावको महत्वलाई पनि विशेष रूपमा चासो देखाउनु भयो । उहाँले खरिबोट क्षेत्रको विकासमा गाउँपालिकाले विशेष ध्यान दिइरहेको र यस क्षेत्रको समग्र सुधारका लागि योजनाहरू तयार गरेको जानकारी दिनुभयो। यद्यपि, उहाँले सडक निर्माणका कार्यमा ठेकेदारको ढिलाइको कारण जनतालाई सामयिक सेवाहरू प्राप्त गर्न ढिला भइरहेको अवस्थामा निराशा व्यक्त नगर्न आग्रह गर्नुभयो। उहाँले यस विषयमा प्रशासन र ठेकेदारसँग कडा निगरानी र जबाफदेही सुनिश्चित गर्न तयार रहेको बताउनुभयो ।

सार्वजनिक सुनवाईको क्रममा अध्यक्ष देवकोटाले प्रशासनिक दक्षता र योजनाहरूको प्रभावकारिता वृद्धिका लागि एकीकृत व्यवस्थापन र स्रोतहरूको उचित उपयोगको महत्वलाई जोड दिनुभयो। उहाँले गाउँपालिकामा कुनै पनि कामको लागि जनता बारम्बार कार्यालय जानु नपरोस्, यसका लागि गाउँपालिकाले माइक्रो म्यानेजमेन्ट प्रणालीको उपयोग गर्दै व्यवस्थापनलाई दक्ष बनाइरहेको बताउनुभयो । यसबाट सबै योजनाहरूको निगरानी र नियन्त्रण ठिक प्रकारले गर्न सकिने र समग्र विकास कार्यमा कुनै पनि प्रकारको ढिलाइ वा गल्ती नगर्ने वातावरण बनाइने उहाँको आश्वासन छ। यस प्रणालीको कार्यान्वयनले गाउँपालिकाका योजना र कार्यक्रमहरूलाई समयमा र प्रभावकारी रूपमा लागू गर्नका लागि प्रोत्साहन मिल्ने विश्वास व्यक्त गरिएको छ।

अध्यक्ष देवकोटाले ग्रामीण पर्यटन र कृषिका लागि नयाँ योजनाहरूको बारेमा पनि चर्चा गर्नुभयो। उहाँले कृषिमा सुधार ल्याउनका लागि विभिन्न योजनाहरू अघि बढाइरहेको बताउँदै कृषि एम्बुलेन्स सेवा, बजार अनुगमन, कृषकहरूको उत्पादन र बजार व्यवस्थापनका लागि विशेष पहलहरू भइरहेको उल्लेख गर्नुभयो । उहाँले कृषकहरूको उत्पादनलाई बढावा दिने र कृषिको क्षेत्रलाई समृद्ध बनाउने उद्देश्यले गाउँपालिकाले विभिन्न पहल र कार्यक्रमहरू अघि बढाउँदै लगाएको उल्लेख गर्नुभयो।

कृषि क्षेत्रको सुधारका लागि उहाँको प्रतिबद्धता स्पष्ट छ र, उहाँले यसका लागि नयाँ प्रविधिको प्रयोग र बजारसँगको सम्बन्ध सुदृढ गर्ने काम गरिरहेको उल्लेख गर्नुभयो।

अध्यक्ष देवकोटाले शहरी र ग्रामीण क्षेत्रका बीचमा भएको असमानतालाई सुधार गर्ने प्रयास गरिरहेको बताउनुभयो। उहाँले अजिरकोटको समग्र विकासका लागि विशेष रणनीतिहरू तयार गरेको र त्यसले शहरी र ग्रामीण क्षेत्रबीचको असमानता कम गर्नका लागि काम गर्ने विचार व्यक्त गर्नुभयो। समाजमा युवा शक्तिको योगदानलाई महत्व दिने दृष्टिकोण राख्दै उहाँले गाउँपालिकाले 'फर्क युवा अभियान' जस्ता विभिन्न कार्यक्रमहरूको सुरुआत गरिएको बताउनुभयो। जसले युवाहरूलाई आत्मनिर्भर बनाउनका सहयोग गरिरहेको छ। युवा वर्गलाई रोजगारीका अवसरहरू सिर्जना गर्ने र उनीहरूको कौशललाई उन्नति दिने कार्यलाई प्राथमिकता दिइरहेका छ। उहाँले अजिरकोटको पर्यटन, कृषि, र उद्यमशीलता क्षेत्रलाई प्रोत्साहन दिनका लागि विभिन्न पहलहरू अघि बढाइरहेको र गाउँका युवाहरूसँग रोजगारका अवसरहरू

gorkha sandesh
media pvt. ltd.

सिर्जना गर्ने उद्देश्य राखेको बताउनुभयो। यसले युवा वर्गलाई आफ्ना क्षमताहरूको सकारात्मक उपयोग गरेर आफ्नो भविष्य निर्माण गर्न मद्दत पुऱ्याउने विश्वास व्यक्त गर्नुभयो।

अध्यक्ष देवकोटाले आफ्नो नेतृत्वमा अजिरकोट गाउँपालिकामा समावेशी विकास र दीर्घकालीन योजनाहरूको कार्यान्वयनका लागि प्रतिबद्धता व्यक्त गर्दै जनताको सक्रिय सहभागिता र सरकारको सहकार्यमा समृद्धि ल्याउने उद्देश्य राखेको उल्लेख गर्नुभयो। उहाँले भन्नुभयो, 'हाम्रो लक्ष्य भनेको शिक्षा, स्वास्थ्य, कृषि, र पूर्वाधार क्षेत्रलाई सन्तुलित रूपमा विकास गर्नु हो।' अध्यक्ष देवकोटाले सार्वजनिक सुनुवाईका दौरान आफ्नो योजनाहरू र सोचका बारेमा स्पष्ट रूपमा जनतालाई जानकारी दिँदै, गाउँपालिकामा समृद्धि र विकासको मार्गमा चल्ने आफ्नो दृढ इच्छाशक्ति प्रकट गर्नुभयो। यसका साथ, उहाँले सरकारका सबै तहसँग मिलेर काम गर्न र जनतालाई आवश्यक सेवा र सुविधा पुऱ्याउनको लागि दृढ प्रतिबद्धता जनाउनु भयो।

अजिरकोटमा समावेशी, न्यायपूर्ण र दीर्घकालीन विकासका लागि मजबुत आधार तयार पार्ने अपेक्षा गरिएको बताउदैं उहाँले आफ्नो नेतृत्वमा ग्रामीण क्षेत्रको समग्र विकास र प्रत्येक नागरिकको उन्नति सम्भव हुने विश्वास व्यक्त गरिएको छ। उहाँले आफ्नो कार्यकालमा अजिरकोट गाउँपालिकाको समग्र सामाजिक र आर्थिक अवस्थालाई सुधार्ने उद्देश्य राखेको र यसका लागि दीर्घकालीन, स्थिर र समावेशी विकास योजनाहरूलाई कार्यान्वयन गर्न प्रतिबद्ध ब्यक्त गर्नुभयो।

**गाउँपालिका उपाध्यक्ष श्री अनिता भुजेल** : गाउँपालिका उपाध्यक्ष अनिता भुजेलले सार्वजनिक सुनवाइमा गाउँपालिकाका विभिन्न योजनाहरू र सुधारका बारेमा जानकारी दिनुभयो। उहाँले स्वास्थ्य, शिक्षा, सडक निर्माण, र कृषि क्षेत्रमा भएको प्रगतिको उल्लेख गर्दै गाउँपालिकाको नीति र कार्यक्रममार्फत चुनावी घोषणापत्रका विषयहरू कार्यान्वयन भइरहेको बताउनुभयो।

उहाँले स्वास्थ्य सेवामा सुधारका लागि भच्चेक स्वास्थ्य चौकीलाई आधारभूत अस्पतालका रूपमा विकास गरेको र २४ घण्टा सेवा दिने सुविधासमेत प्रदान गरिएको जानकारी दिनुभयो। साथै, दन्त र आँखा उपचारका सेवा र सुविधा सम्पन्न एम्बुलेन्स सेवाको सुरुआत गरिएको उल्लेख गर्नुभयो। सडक निर्माणमा पनि उल्लेखनीय प्रगति भएको उल्लेख गर्दै उहाँले पाँच वटै वडामा सडक पिचको काम भइरहेको र मुख्य सडकहरूको स्तरोन्नति तथा भित्री बाटाहरूको निर्माण कार्य तीव्र रूपमा अघि बढिरहेको जानकारी दिनुभयो।

शिक्षामा गुणस्तरीय सुधारको प्रयास भइरहेको तर भौतिक पूर्वाधारमा जस्तो तत्काल सुधार नदेखिने हुदाँ गुणस्तरीय शिक्षामा सुधार ल्याउन समय लाग्ने कुरा उहाँले स्वीकार गर्नुभयो। कृषि क्षेत्रमा आधुनिक प्रविधिको प्रयोग गर्दै सुधारका पहलहरू अघि बढाइरहेका भन्दैं उहाँले वडा नम्बर २ मा मुख्यमन्त्री प्रवर्द्धन कार्यक्रममार्फत दीर्घकालीन योजनाहरू सञ्चालन भइरहेको उहाँले उल्लेख गर्नुभयो। यी सबै प्रयासहरूले गाउँपालिकामा समृद्धि र विकास ल्याउने आशा गरिएको छ। उहाँले प्रस्तुत गर्नुभएको बाचा र कार्यहरूले गाउँपालिकामा चलिरहेका विकास कार्यहरूको प्रगति र आगामी योजनाहरूको दिशा प्रस्ट पारेका छन्।

**प्रमुख प्रशासकीय अधिकृत श्री रचना बुढाथोकी:** प्रमुख प्रशासकीय अधिकृत रचना बुढाथोकीले सार्वजनिक सुनुवाइ कार्यक्रममा पालिकाको सेवा प्रवाह र प्रशासनिक सुधारका विषयमा जानकारी

gorkha sandesh
media pvt. ltd.

दिनुभएको थियो। उहाँले पालिकाले सेवा प्रवाहका क्रममा आएका विभिन्न विषय, प्रश्न र वित्तीय अवस्थाका बारेमा समेत प्रकाश पार्नु भएको थियो। सार्वजनिक सुनुवाईको क्रममा नागरिकहरूको प्रतिक्रिया र सेवाग्राहीहरूको चिन्ताका आधारमा पालिकाको प्रशासनिक प्रणालीलाई सुधार गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो। उहाँले भन्नुभयो, 'सेवा प्रवाह गर्दा सबै सेवाग्राहीलाई सजिलो र सुलभ बनाउनका लागि विभिन्न प्रशासनिक प्रक्रिया र नीतिहरूलाई सुधार गर्दछौँ। नागरिकहरूको प्रतिवेदन र सुझावका आधारमा पालिकामा कार्यहरूको प्रभावकारिता र पारदर्शिता वृद्धि गर्ने प्रयास गर्दछौँ।'

उहाँले अझ सहज सेवा प्रवाहका लागि पालिकामा थप संसाधनको व्यवस्थापन गर्ने र कर्मचारीहरूको दक्षता वृद्धिका लागि तालिमको पहल गर्ने बताउनुभयो। यसका साथै, सेवा प्रवाहका क्रममा आएको वित्तीय व्यवस्थापनलाई थप सुधार गर्दै आन्तरिक अडिट र बजेटको प्रभावकारी उपयोग गर्नका लागि नयाँ उपायहरू लागू गर्ने योजना बनाएको बताउनुभयो ।

उहाँले पालिकामा सेवाहरूको स्तर सुधार गर्न र स्थानीय प्रशासनमा थप प्रभावकारिता ल्याउनका लागि प्रतिबद्धता जनाउँदै यसका लागि प्रशासनिक प्रणालीमा सुधार र सहकार्यको महत्वमा जोड दिनुभयो। उहाँका अनुसार, सबै सेवाग्राहीलाई समान अवसर र सेवा पुऱ्याउने तर्फ पालिका अघि बढिरहेकोछ । प्रमुख प्रशासकीय अधिकृत बुढाथोकीले पालिकाको प्रशासनिक प्रक्रिया र सेवा प्रवाहलाई अझ प्रभावकारी र जनमैत्री बनाउनका लागि उठाएका कदमहरू र प्रतिबद्धता स्पष्ट रहेको प्रतिबद्ध ब्यक्त गर्नुभयो।

## १२.कार्यक्रमको सबल पक्षहरु

- जनप्रतिनिधि, सरकारी अधिकारी, नागरिक समाज तथा स्थानीय बासिन्दाको सक्रिय सहभागिता,
- विकास योजनाहरूको प्रगति रिपोर्ट तथा बजेट खर्च पारदर्शी रूपमा प्रस्तुत गरिएको,
- जनताले उठाएका सवालहरूको चित्तबुझ्दो उत्तर सम्बन्धित अधिकारी तथा जनप्रतिनिधिबाट प्राप्त,
- निष्पक्षता तथा प्रभावकारिताका लागि स्वतन्त्र व्यक्तित्वद्वारा सुनुवाइ संयोजन,
- खुला छलफलको माध्यमबाट नागरिकहरूले निर्वाचित प्रतिनिधिहरूसँग प्रत्यक्ष संवाद गर्ने अवसर,

gorkha sandesh
media pvt. ltd.

- कार्यक्रमको जानकारी समयमै सम्प्रेषण गरी नागरिकहरूको संलग्नता बढाइएको,
- विकास योजना, बजेट खर्च र नीति निर्माण प्रक्रियामा पारदर्शिता अभिवृद्धि,
- सहभागीहरूले दिएका सुझाव तथा गुनासाहरूलाई भविष्यका योजनामा समावेश गर्ने पहल,
- उठाइएका प्रश्न तथा सुझावलाई लिखित रूपमा संकलन गरी समाधानको ट्र्याकिङ गर्ने प्रणाली,
- सरकारी निकाय तथा नागरिकहरूबीच सम्बन्ध सुधार गर्दै पारस्परिक विश्वास बढाउने अवसर,
- स्थानीय सरकारले अघि सारेका प्राथमिकताहरू र योजनाहरू सार्वजनिकरूपमा प्रस्तुत,
- जनप्रतिनिधिहरूले केही मुद्दाहरूको तत्काल समाधानका लागि प्रतिबद्धता जनाउनु
- सरकारी निकायहरू र नागरिक समाजबीच सहकार्यलाई प्रवर्द्धन गर्ने अवसर।
- स्थानीय सरकारलाई थप पारदर्शी र जनउत्तरदायी बनाउने अभ्यासको सुरुआत।

## १३. सुधार गर्नुपर्ने पक्षहरू

- सेवाग्राहीहरूको सन्तुष्टि मापन गर्न नागरिक प्रतिवेदन पत्र, बहिर्गमन अभिमत वा नागरिक अभिमत संकलन गरी त्यसका आधारमा सुधार गर्नुपर्छ।
- कार्यक्रमको प्रभावकारिता बढाउन समय पर्याप्त राखी सूचना प्रवाहलाई व्यापक बनाउनुपर्छ।
- वडाध्यक्ष, कार्यपालिका सदस्यहरू तथा गाउँसभाका सबै जनप्रतिनिधिहरूलाई अनिवार्य रूपमा सहभागी गराउनु जरुरी छ।
- वडा तथा बस्ती स्तरसम्म जानकारी पुऱ्याउन पर्चा-पम्प्लेट तयार गरी वितरण गर्नु प्रभावकारी हुनेछ।
- नागरिकको सहज पहुँच सुनिश्चित गर्न वडास्तरमा समेत सार्वजनिक सुनुवाइ कार्यक्रम सञ्चालन गर्नुपर्छ।

## १४.समस्याहरू

- हरेक वडामा प्रत्यक्ष रूपमा गई नागरिक प्रतिवेदन पत्र वा अभिमत संकलन गर्न नसकिएको,
- वडा नं ४ र ५ का वडाध्यक्षसहित जनप्रतिनिधिको सहभागी हुन नसक्नु,
- समय व्यवस्थापनमा चुनौती हुँदा सुनुवाइ निर्धारित समयभन्दा ढिलो सुरु भएको,
- दुर्गम स्थानमा कार्यक्रम आयोजना गर्दा सहभागीहरू जुटाउन कठिनाइ भएको,
- गाउँमा पर्याप्त मात्रमा युवाहरू नरहेका कारण तथा मुख्यतः वृद्ध वृद्धा मात्र गाउँमा रहनुले नागरिकको उपस्थिति अपेक्षाअनुसार हुन नसकेको,

gorkha sandesh
media pvt. ltd.

## १५. निष्कर्ष

अजिरकोट गाउँपालिकाको काम कारबाही, सेवा प्रवाह, योजना एवं कार्यक्रम, बजेट जस्ता सार्वजनिक विषयमा सम्बन्धित सेवा प्रदायक र सेवाग्राही बीच हाक्काहाक्की प्रश्नोत्तर गराउने उद्देश्यले आयोजना गरिएको सार्वजनिक सुनुवाइ प्रभावकारी रहेको थियो । अजिरकोट गाउँपालिकाको आयोजनामा सम्पन्न सार्वजनिक सुनुवाइमा नागरिकहरूले खानेपानीको समस्या, पर्यटन क्षेत्रको प्रवर्द्धन, संरक्षण र विकास, सडक निर्माण, पशु बिमा, कृषि कार्यक्रम, सडक निर्माण, पञ्च वर्षीय रणनीतिक योजनाको सार्वजनिक, खेलकुदलगायतका विषयमा प्रश्न तथा सुझाव दिएका थिए ।

सार्वजनिक सुनुवाइ कार्यक्रममा सहभागी सर्वसाधारणहरूले प्रश्नहरू राखी तत्काल समाधान पाएका थिए । प्रश्नकर्ता नागरिकहरूले राज्यले सरकारी क्षेत्रमा लगानी गर्ने तर राम्रो प्रतिफल नआइरहेको सन्दर्भमा विकास निर्माण तथा सार्वजनिक सेवा प्रवाहमा समेत प्रभावकारी कार्यहरू गर्नुपर्ने बताएका थिए । कार्यविधिले व्यवस्था गरे अनुप नियमित रूपमा सार्वजनिक सुनुवाइ गर्न सके विकास निर्माणमा पारदर्शिता र जबाफदेहिता वृद्धि हुने देखिन्छ । गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, वडाध्यक्षहरू सहितको सहभागिताबाट पनि सार्वजनिक सुनुवाइ फलदायी भएको देखिन्छ । जिल्लाका सरोकारवाला संस्थाका प्रमुख, सञ्चारकर्मी हरुलाई समेत वडा तथा गाउँपालिकाको केन्द्रमा उपस्थिति गराई सार्वजनिक सुनुवाई नियमित गर्न सके यसको प्रभावकारिता अझै बढ्ने देखिन्छ ।

gorkha sandesh
media pvt. ltd.









gorkha sandesh
media pvt. ltd.







gorkha sandesh
media pvt. ltd.

**प्रतिवेदन प्रस्तुतकर्ता : विमल श्रेष्ठ**

मिति : २०८१/१०/१२

# वहिर्गमन अभिमत

सर्वप्रथम अजिरकोट गाउँपालिकालाई यो अवसरका लागि हार्दिक धन्यवाद प्रकट गर्न चाहान्छु। अजिरकोट गाउँपालिका गोरखाको चालु आर्थिक वर्ष २०८१/०८२ को प्रथम चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रमका लागि भरिएका वहिर्गमन अभिमतको रिर्पोटहरु यहाँहरु माझ पढेर सुनाउन चाहन्छु । अजिरकोट गाउँपालिका कार्यालय तथा गाउँपालिका भित्रका विभिन्न वडा कार्यालयबाट सेवा लिएका र सेवा लिएर फर्किएका विभिन्न ५१ जना व्यक्तिहरुलाई भेटेर वहिर्गमन अभिमत फारम फारम भराइएको थियो ।

जसमध्ये लिंगका आधारमा २४ जना महिला र २७ जना पुरुषहरु सहभागि भएका थिए । शैक्षिक हिसावले सहभागि भएका २८ जना दशकक्षा मुनिसम्म अध्ययन गरेका, १५ जना प्रवेशिकासम्म शिक्षा हासिल गरेका र बाँकि ८ जना प्रवेशिका तहभन्दा माथिल्लो तहको शिक्षा हासिल गरेका नागरिकहरु रहेका थिए । वर्हिगमन अभिमत भराएका ५१ जना मध्ये जातीय हिसावले ९ जना ब्राम्हण, ११ जना क्षेत्री, १८ जना जनजाति समुदायका रहेका थिए भने १३ जना दलित समुदायका रहेका थिए । उमेर समुहका हिसावले २० वर्षभन्दा कम उमेर समुहका ४ जना, २० वर्ष देखि ४५ वर्षभन्दा माथिका ३१ जना र सो भन्दा माथिका १६ सहभागि भएका थिए ।

वहिर्गमन अभिमतमा सहभागि धेरै जसोले फारममा सिफारिस लिन, स्थानीय निकायले राखेको सूचना प्राप्त गर्न, दर्ता/नविकरण, सूचनामूलक सामाग्री प्राप्त गर्न जस्ता काम लिएर आफु कार्यालयमा पुगेको उल्लेख गरेका थिए भने ११ जनाले कृषि तथा पशु शाखामा काम लिएर पुगेको उल्लेख गरेका थिए । त्यस्तै ९ जनाले सिफारिस लिन, दर्ता/ नविकरण गर्न २० जना र थप ११ जना विविध कामका लागि कार्यालयमा पुगेको उल्लेख गरेका छन् ।

वहिर्गमन अभिमत फारमा उल्लेखित प्रश्नहरुमध्ये सेवा लिँदा कोसंग सम्पर्क गर्ने भन्नेमा तपाईलाई कत्तिको स्पस्ट जानकारी भयो भन्ने प्रश्नमा ७५ प्रतिशत सहभागिहरुले स्पस्ट भएको बताए भने १८ प्रशितले अस्पस्ट जानकारी भएको बताए । त्यस्तै ७ प्रतिशतले भने ठिकै जानकारी भएको उल्लेख गरेका छन् ।

भरिएको फारमका आधारमा ६५ प्रतिशतले सहभागीहरुले सेवाप्रदायक कर्मचारीहरुले आफुहरुका आबश्यकता र अपेक्षा ठिकै मात्र बुझेको बताएपनि ३० प्रतिशतले अति धेरै बुझेको र ५ प्रतिशतले थोरै मात्र बुझेको भन्ने कोलमा रेजा लगाएको पाइयो । त्यस्तै सेवा दिने कर्मचारीको व्यहार प्रति भने अधिकांशको प्रतिक्रिया मैत्रिपूर्ण रहेको उल्लेख गरिएको पाइयो । फारम भरेकामध्ये केहिले भने १८ प्रतिशत सहभागिहरुले कर्मचारीहरुको व्यवहारिक हिसावले गुनासो राख्दा समेत नबुझ्ने गरेको बताए । ७२ प्रतिशत सहभागिले कर्मचारीहरुको व्यवहार सरल भएको समयमा कर्मचारी उपस्थित हुने पक्ष राम्रो लागेको बताएका छन् । सहभागीहरु मध्ये वहिर्गन अभिमत फारम भरेका धेरैले पहिलेको तुलनामा सेवा

gorkha sandesh media pvt. ltd.

प्राप्त गर्न अपनाइएको प्रक्रिया भने अहिले निकै छिटो र छरितो भएको समेत बताए । कार्यालयको कुन-कुन पक्ष राम्रो लाग्यो भन्ने विकल्पमा धेरै जसोले भौतिक अवस्था राम्रो लागेको बताएका छन् ।

सुधार गर्नुपर्ने बिषयहरु के के छन् ? भन्ने कोलममा प्रायः सबैले सेवाग्राहीलाई सेवा लिन जाँदा आवश्यक कागजातका बारेमा पहिले नै जानकारी गराइदिनुपर्ने, व्यवहारिक पक्षलाई पनि जनप्रतिनिधि तथा कर्मचारीहरुले बुझिदिनु पर्‍यो र महिनामा एक पटक गाउँमा पुगेर जनतालाई प्रत्यक्ष भेटेर गुनासो सुनिदिओस् भन्ने अपेक्षा आफुहरुको रहेको वहिर्गमन अभिमत फारम भरेका धेरैको सहभागीहरुको सुझाव रहेको छ ।

- सेवाग्राहीलाई आवश्यक पर्ने कागजात, प्रक्रिया, शुल्क, र समयावधि स्पष्ट रूपमा बताइने सूचना बोर्ड वा डिजिटल माध्यमको व्यवस्था गरिनुपर्छ,
- सेवाग्राहीको गुनासो सुन्ने छुट्टै कर्मचारीको व्यवस्था गरी तिनलाई समाधान गर्न अनुगमन प्रणाली बनाउनुपर्छ,
- नेटवर्क सुधारका लागि सम्बन्धित दूरसञ्चार सेवा प्रदायकसँग समन्वय गरी ग्रामीण भेगमा राम्रो इन्टरनेट र मोबाइल सेवा पुऱ्याउने,
- हरेक विकास योजनाबारे जानकारी दिने सूचना बोर्ड प्रत्येक वडामा राख्ने तथा अनलाइन प्रणालीबाट पनि अद्यावधिक गर्ने,
- कच्ची सडकहरूको नियमित मर्मत सम्भार गरी एम्बुलेन्स सेवा वर्षभर सञ्चालन गर्न सक्ने वातावरण बनाउने,
- अनुदान, विकास योजना तथा अन्य सुविधाहरू वितरण गर्दा पारदर्शिता अपनाउने र कुनै पनि पक्षपात नगरिने,
- विशेष गरी साबिकको खरिवोट वडा नं. १ मा खानेपानीको दीर्घकालीन समाधान गर्न उचित योजना अघि बढाउने,
- अलैंची तथा अन्य कृषिजन्य उत्पादनको रोग नियन्त्रण गर्दै तिनको बजारीकरण व्यवस्थित गर्ने। गाउँपालिकाभित्रै राजस्व काउन्टर सञ्चालन गरी बैंक तथा वित्तीय संस्थाहरूको पहुँचलाई जनमैत्री बनाउने,
- कृषकहरूको आवश्यकताअनुसार कृषि प्रविधि, तालिम, अनुदान तथा सहुलियतलाई व्यवस्थित गर्ने।
- सेवाग्राहीसँगको व्यवहार र सेवा प्रवाहलाई प्रभावकारी बनाउन कर्मचारी तथा जनप्रतिनिधिहरूलाई नियमित रूपमा तालिम दिने,
- नागरिकलाई सहज पहुँच पुऱ्याउन वडास्तरमै नियमित रूपमा सार्वजनिक सुनुवाइ कार्यक्रम आयोजना गर्ने,
- सुशासन, भ्रष्टाचार न्यूनीकरण, कानुनी प्रक्रिया, कृषि तथा उद्यमशीलता प्रवर्द्धनका विषयमा सचेतनामूलक कार्यक्रम गर्ने,

- **धन्यवाद**

gorkha sandesh
media pvt. ltd.

**प्रतिवेदन प्रस्तुतकर्ता : विमल श्रेष्ठ**

मिति : २०८१/१०/१२

# नागरिक प्रतिवेदन

## अजिरकोट गाउँपालिका गोरखाको चालु आर्थिक वर्ष २०८१/०८२ को दोस्रो चौमासिक कार्यक्रम अर्न्तगतको सार्वजनिक सुनुवाई कार्यक्रमका लागि भरिएको नागरिक प्रतिवेदनको सारसंक्षेप

अजिरकोट गाउँपालिका गोरखाको चालु आर्थिक वर्षको प्रथम चौमासिक अवधीको सार्वजनिक सुनुवाई कार्यक्रमका लागि भरिएका नागरिक प्रतिवेदन फारमको आधारमा तयार पारिएको नागरिक प्रतिवेदनको सारसंक्षेप यहाँहरु माझ प्रस्तुत गर्न अनुमति चाहान्छु ।

नागरिक प्रतिवेदनका लागि भरिएका ५५ जना फारम अजिरकोट गाउँपालिका भित्रका विभिन्न वडाहरुमा पुगेर भरिएको थियो । जस अर्न्तगत सार्वजनिक सुनुवाई आयोजना गरिएको स्थान वडा न २ र वडा न ३ लाई विशेष फोकश गरिएको थियो भने त्यसबाहेक अजिरकोट गाउँपालिकाको वडा न १, ४ र ५ का विभिन्न पेशा व्यवसायमा आवद्ध नागरिकहरुलाई यो प्रतिवेदन फारम भराइएको हो । वडागत संख्याका आधरमा वडा न १ मा ३ जना, वडा न २ मा २७ जना, वडा न ३ मा १५ ले नागरिक प्रतिवेदन भरेका थिए भने वडा न ४ का ६ जना र वडा न ५ का ४ जना सहभागि भएका थिए ।

फारम भर्नेहरु मध्ये लिंगका आधारमा हेर्दा ३३ जना महिला र २२ जना पुरुष सहभागी भएका थिए । शैक्षिक हिसवले फारम भर्न सहभागि भएका मध्ये २५ जना साक्षर, १४ जना प्रवेशिकासम्म शिक्षा हासिल गरेका र बाँकि १६ जना प्रवेशिका तहभन्दा माथिल्लो तहको शिक्षा हासिल गरेका नागरिकहरु रहेका थिए । वर्हिगमन अभिमत भराएका ५५ जना मध्ये जातीय हिसावले ९ जना व्राम्हण, ११ जना क्षेत्री, २० जना जनजाति समुदायका रहेका थिए भने १५ जना दलित समुदायका रहेका थिए । उमेर समुहका हिसावले २० वर्षभन्दा कम उमेर समुहका ४ जना, २० वर्ष देखि ४५ वर्षभन्दा माथिका ३५ जना र सो भन्दा माथिका १६ सहभागि भएका थिए । यी त भए वडागता सहभागिता, जातजाती, शिक्षा, उमेर र लिंगका आधारमा नागरिक प्रतिवेदन फारम भरेका नागरिकहरुको सहभागिताको कुरा र अब प्रतिवेदनको सारसंक्षेप प्रस्तृत गर्दैछु।

नागरिक प्रतिवेदन फारम भरेका मध्ये सेवाको सन्तृष्टी शिर्षकमा उल्लेखित प्रश्नमा फारम भरेका ५५ जनामध्ये १९ जनाले सन्तुष्ट रहेको उल्लेख गरेका थिए भने २६ जनाले ठिकै सन्तुष्ट र १० जनाले असन्तुष्ट रहेको बताए । त्यस्तै सेवा लिन जाँदा कर्मचारीको व्यवहार प्रति ४८ जनाले ठिकै सन्तुष्ट रहेको बताए। कर्मचारीहरुको व्यवहार प्रति असन्तुष्ट भन्नेमा भने ७ जनाले रेजा लगाएका छन् ।

सेवाको नियमितत्ताका सम्बन्धमा प्रतिवेदन फारम भरेका मध्ये २९ जनाले वडापत्रमा उल्लेख भए अनुसार सेवा पाएको उल्लेख गरे भने १९ जनाले ठिकै मात्र सेवा पाएको र ७ जनाको वडापत्र अनुसार आफुहरुले सेवा पाउन नसकेको उल्लेख गरे । सार्वजनिक चासो तथा समस्या समाधानका लागि धेरैले औषत प्रक्रियागत रुपमा समस्याको समाधान हुने उल्लेख गरेको पाइयो ।

gorkha sandesh
media pvt. ltd.

नागरिक प्रतिवेदमा सहभागिहरुको सेवाको गुणस्तर ठिकै रहेको धेरैले उल्लेख गरेका छन् । कार्यलयमा सेवा लिन आउने सेवाग्राहीहरु कर्मचारीहरु कर्मचारी प्रति धेरैले विश्वस्त रहेको उल्लेख गरेपनि फारम भरेका मध्ये १४ जनाले विश्वस्त हुन नसकेको भनि उल्लेख गरिएको पाइएको छ । त्यस्तै कार्यालयको भौतिक पक्ष राम्रो रहेको अधिकांश नागरिक प्रतिवेदन फारम भर्ने सहभागिहरुको मत छ । कार्यालय र सेवाग्राही बीचको सम्बन्ध कस्तो रहेको छ भन्ने प्रश्नमा धेरैको राम्रो रहेको भनी उल्लेख गरेका छन् ।

नागरिक प्रतिवेदनमा सहभागिहरुले सेवाको गुणस्तर ठिकै रहेको धेरैले उल्लेख गरेका छन् । कार्यालयमा सेवा लिन आउने सेवाग्राहीहरु कर्मचारी प्रति धेरैले विश्वस्त हुन नसकेको उल्लेख गरिएको पाइएको छ । त्यस्तै कार्यालयको भौतिक पक्ष राम्रो रहेको अधिकांश नागरिक प्रतिवेदन फारम भर्ने सहभागीहरुको मत छ । कार्यालय र सेवाग्राही बीचको सम्बन्ध कस्तो रहेको छ भन्ने प्रश्नमा धेरैको राम्रो रहेको भन्ने उल्लेख गरेका छन् ।

कार्यालयको विविध पक्षका बारेमा नागरिक प्रतिवेदन फारममा उल्लेखित प्रश्नहरुमा कार्यालयको आर्थिक स्रोत सन्तोषजनक रहेको, काम गर्ने प्रणाली र प्रक्रिया ठिकै रहेको भन्ने ३१ जना सहभागिको मत छ भने १५ जनाले अति सरल रहेको बताए पनि ९ जनाले जटिल र झण्झटिलो रहेको भन्ने कोलममा रेजा लगाएको पाइयो ।

त्यस्तै आम्दानी र खर्चको बाहिर सूचना पार्टीमा टाँसको गरेको कमैले मात्र देख्ने गरेको नागरिक प्रतिवेदन फारम भर्ने सहभागिहरुको मत छ भने ५५ जना सहभागी मध्ये १८ जनाले देखेको उल्लेख गरेका छन् । कार्य सम्पन्नताका आधारमा मूल्याङ्कन गरिको छ की छेन भन्ने प्रश्नमा धरैले ठिकै मूल्याङ्कन हुने गरेको बताए ।

सेवाप्रतिको जनविश्वासमा तपाइ कतिको विश्वस्त हुनुहुन्छ भन्ने प्रश्नमा नागरिक प्रतिवेदन फारममा ३५ जना विश्वस्त, १२ जनाले ठिकै, ८ जनाले अविश्वस्त रहेको भन्ने कोलममा रेजा लगाएका छन् । गाउँपालिका मार्फत वडाबाट वितरण हुने सामाजिक सुरक्षा भत्ता अहिले घरघरमा नै पुऱ्याउन आएकोमा नागरिक प्रतिवेदन फारम भर्ने धेरै सहभागिले गाउँपालिका र वडा कार्यालयलाई धन्यवाद समेत दिएका छन् । भच्चेक स्वास्थ्य चौकीलाई ५ शैयाको अस्पतालका रुपमा विकास गरेकोमा गाउँपालिका र त्यसको नेतृत्वप्रति हार्दिक नमनसमेत गरेका थिए । यस बाहेक नागरिक प्रतिवेदन फारम भर्ने सहभागिहरुले दिएको केही महत्वपूर्ण सुझावहरु यस प्रकारका रहेका छन् ।

- उपभोक्ता समितिहरु मार्फत योजना सञ्चालन गर्दा सबैलाई समेटेर सञ्चालन गर्ने गरियोस् ।
- अजिरकोट गाउँपालिका भित्रको पर्यटकीय क्षेत्रको पहिचान गरी त्यसको व्यापक प्रचार गरियोस्।
- गाउँपालिका र वडाहरुको योजना तथा कार्यक्रम ल्याउदाँ यूवामैत्रि, स्वरोजगारी प्रदान गर्ने खालको कार्यक्रम ल्याइयोस् ।
- एउटै व्यक्तिले पटक-पटक अनुदान पाएको तर अनुगमन तथा कार्यवन्यन नभएकाले त्यस्ता अनुदान र अनुगमन गरियोस् ।

**धन्यवाद**

gorkha sandesh
media pvt. ltd.